आज मिति २०८०।११।०८ गते मंगलबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर गुरुङज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको कार्यालयमा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्ताबहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

उपस्थितिः

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री दान बहादुर गुरुङ | गाउँपालिका अध्यक्ष |
| २. | | श्री माया सिंलवाल | गाउँपालिका उपाध्यक्ष |
| ३. | | श्री सन्तबहादुर मगर | वडा नं.१ वडा अध्यक्ष |
| ४. | | श्री पञ्चबहादुर प्रजा | वडा नं.२ वडा अध्यक्ष |
| ५. | | श्री नरबहादुर नेपाल | गा.पा. प्रवक्ता एवं वडा नं.३ वडा अध्यक्ष |
| ६. | | श्री रुद्रप्रसाद उप्रेती | वडा नं.४ वडा अध्यक्ष |
| ७. | | श्री तेजबहादुर शेरचन | वडा नं.५ वडा अध्यक्ष |
| ८. | | श्री लक्ष्मण प्रजा | वडा नं.६ वडा अध्यक्ष |
| ९. | | श्री बमबहादुर थापामगर | वडा नं.७ वडा अध्यक्ष |
| १०. | | श्री अन्जु चेपाङ | कार्यपालिका सदस्य |
| ११. | | श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य |
| १२. | | श्री टेकमाया गुरुङ | कार्यपालिका सदस्य |
| १३. | | श्री परिमाया कामी | कार्यपालिका सदस्य |
| १४. | | श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य |
| १५. | | श्री शंखबहादुर चेपाङ | कार्यपालिका सदस्य |
| १६. | | श्री चन्द्रकान्त बस्नेत | सदस्य-सचिब |

अन्य उपस्थितिः

१. बासु पण्डित, प्रशासन अधिकृत

२. उद्गम तिमिल्सिना,लेखा अधिकृत

३. तेजकुमार धमला, अधिकृत छैठौं

# कार्यपालिकाको प्रस्ताव पेश कार्यसूची

बैठक संख्या: ३६

अध्यक्षता: श्री दान बहादुर गुरुङ

बैठक मिति: २०८०।११।०८

बैठक स्थान: इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार।

बैठक समय: विहान ९:०० बजे

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८०।११।०८ | ९:०० बजे | आ.व. २०८१।०८२ को लागि प्रदेश समपुरक तथा विशेष अनुदान तर्फका योजनाहरु छनौट तथा माग सम्बन्धमा। | योजना शाखा | १ |
| २०८०।११।०८ | ९:१५ बजे | औपचारिक कार्यक्रमहरुमा रैथाने खाद्यान्नमा आधारित परिकारहरु उपयोग गर्ने सम्बन्धमा। | कृषि विकास शाखा | २ |
| २०८०।११।०८ | ९:२० बजे | कृषि एम्बुलेन्स सञ्चालन साझेदारी कार्यक्रम अन्तर्गत कृषि एम्बुलेन्स खरिद सम्बन्धमा। | कृषि विकास शाखा | ३ |
| २०८०।११।०८ | ९:२५ बजे | मौरी पकेट विकास कार्यक्रमको निरन्तरता सम्बन्धमा। | कृषि विकास शाखा | ४ |
| २०८०।११।०८ | ९:४० बजे | इच्छाकामना आधारभूत अस्पतालमा कार्यरत कर्मचारीहरुले अतिरिक्त समय काम गरेको सेवा सुविधा सम्बन्धमा। | स्वास्थ्य शाखा | ५ |
| २०८०।११।०८ | ९:४५ बजे | अ.न.मी. कबिता काफ्लेको तलबी अध्ययन विदा स्वीकृतिका लागि सिफारिस सम्बन्धमा। | स्वास्थ्य शाखा | ६ |
| २०८०।११।०८ | ९:५० बजे | सस्पेन्सन ब्रिज डिभिजन, श्रीमहल पुल्चोकमा झोलुङ्गे पुल निर्माणको माग गर्ने सम्बन्धमा। | योजना शाखा | ७ |
| २०८०।११।०८ | ९:५५ बजे | "घ" बर्गको निर्माण व्यवसायी इजाजत प्रदान गर्ने सम्बन्धमा। | पूर्वाधार विकास शाखा | ८ |
| २०८०।११।०८ | १०:१५ बजे | गौरवका आयोजनाहरुले माग गरेको निर्माणजन्य समाग्री गाउँपालिकाभित्र रहेका IEE स्वीकृत नदी तथा खोलाहरुबाट घाटगद्दी गरी उपलब्ध गराउने सम्बन्धमा। | पूर्वाधार विकास शाखा | ९ |
| २०८०।११।०८ | १०:२५ बजे | माता कंकालिनी निर्माण सेवा प्रा.लि. खैरहनी न.पा.-२, चितवनले पेश गरेको IEE प्रतिवेदन सम्बन्धमा। | पूर्वाधार विकास शाखा | १० |
| २०८०।११।०८ | १०:३५ बजे | D&B&L&G JV लाई ढुङ्गा, ग्राबेल, माटो लगाएतका निर्माणजन्य सामाग्री ढुवानीको लागि अनुमति दिने सम्बन्धमा। | पूर्वाधार विकास शाखा | ११ |
| २०८०।११।०८ | १०:४५ बजे | मेलमिलापकर्ताहरुको लागि मेलमिलाप सम्बन्धी आधारभूत तालिम सञ्चालन सम्बन्धमा। | कानून शाखा | १२ |
| २०८०।११।०८ | १०:५० बजे | ठेक्का नं. NCB/IRM/27/076/077, वडा नं. ६ वडा कार्यालय भवन निर्माण सम्बन्धमा। | पूर्वाधार विकास शाखा | १३ |

**पूर्व बैठकको समीक्षा**

मिति २०८०।१०।१२ मा बसेको कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो। कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाइयो।

**३६ औं कार्यपालिका बैठकको निर्णयहरु:**

निर्णय नं.१: आ.व. २०८१।०८२ को लागि प्रदेश समपुरक तथा विशेष अनुदान तर्फका योजनाहरुको देहायबमोजिमको प्राथमिकीकरणका आधारमा माग गरी सम्बन्धित निकायमा पठाउने।

देहाय:

| समपुरक अनुदान तर्फका योजनाहरु | | | |
|---|---|---|---|
| प्राथमिकता क्रम | योजनाको नाम | वडा नं. | बजेट (रु.) |
| १. | जलविरे ढुङ्ग्रे भालुभञ्याङ इच्छाकामना सडक स्तरोन्नती | ६ | २ करोड |
| २. | गर्दास झाङझुङ्गे सडक कालोपत्रे | ७ | २ करोड |
| ३. | चौतारा चिसापानी सडक स्तरोन्नती | ३ | २ करोड |
| ४. | कुरिनटार, बेलडाँडा, स्याकलाङ सडक स्तरोन्नती | ४ | २ करोड |
| **विशेष अनुदान तर्फका योजनाहरु** | | | |
| प्राथमिकता क्रम | योजनाको नाम | वडा नं. | बजेट (रु.) |
| १. | सर्वशान्ति मा.वि. भौतिक पूर्वाधार निर्माण | ४ | ५० लाख |
| २. | विपन्न जाती/चेपाङ पोषण कार्यक्रम | १,२ र ६ | ५० लाख |

निर्णय नं.२: यस गाउँपालिका अन्तर्गत आयोजना हुने सार्वजनिक सभा, समारोह, भेला, गोष्ठी, तालिम, बैठक आदिमा सर्भ गरिने खाजा स्थानीय स्तरमा नै उपलब्ध रैथाने खाद्यान्नमा आधारित बनाउने कार्यलाई प्राथमिकताका साथ लागू गर्ने।

निर्णय नं.३: कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौंद्वारा स्वीकृत गरी लागू गरिएको प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८० को दफा ३८ मा रहेको कृषि तथा पशुपन्छी बजारीकरणका लागि कृषि एम्बुलेन्स कार्यक्रम अन्तर्गत उपदफा (४) मा रहेका प्रमुख कृयाकलापहरुमध्ये कृषि एम्बुलेन्स प्रयोजनको लागि खरिद गरिएको गाडीमा चिस्यान सुविधा जडान गर्ने भन्ने व्यवस्था रहेकोमा यस गाउँपालिकाको वडा नं. ३, फिस्लिङमा चिस्यान केन्द्र रहेको र उत्पादन स्थलबाट चिस्यानकेन्द्र सम्मको दुरी लामो नभएकोले कृषि उपज ढुवानी गर्न कृषि एम्बुलेन्सको रुपमा प्रयोग गरिने गाडीमा चिस्यान सुविधा जडान गर्न आवश्यक नदेखिएकोले कृषि एम्बुलेन्स खरिद गर्दा गाडीमा चिस्यान सुविधा जडानलाई अनिवार्य नगर्ने।

निर्णय नं.४: आ.व. २०७९।०८० मा मौरी पकेट स्थापना कार्यक्रम कार्यान्वयन हुन नसकेको तर आ.व. २०८०।०८१ को स्वीकृत बार्षिक कार्यक्रमको सशर्त अनुदान तर्फको कार्यक्रम "आ.व.

बस्नेत

२०७९।०८० मा स्थापना भएको मौरी पकेट विकास कार्यक्रमको निरन्तरता" लाई आ.व. २०८०।०८१ मौरी पकेट कार्यक्रम स्थापना जसरी सञ्चालन गर्ने।

निर्णय नं.५: इच्छाकामना गाउँपालिका वडा नं. ४, कुरिनटारमा सञ्चालित इच्छाकामना आधारभूत अस्पतालमा २४ सै घण्टा सेवा उपलब्ध गराउन अतिरिक्त समय र बिदाको दिनमा कार्यरत कर्मचारीलाई इच्छाकामना गाउँपालिका कर्मचारी प्रोत्साहन तथा सेवा सुविधा सम्बन्धी कार्यविधि, २०७९ मा भएको व्यवस्थाअनुसार अस्पताल प्रशासनको अभिलेख र कार्यसम्पादनको आधारमा हुने रकमको ५०% ले उपलब्ध गराउने।

निर्णय नं.६: इच्छाकामना गाउँपालिका अन्तर्गत वडा नं.१ मा रहेको काउले स्वास्थ्य चौकीमा अ.न.मी. सहायक चौथो तहमा कार्यरत श्री कविता काफ्ले (क.सं.नं. २२१४४७) को ३ बर्षको तलबी अध्ययन विदा बागमती प्रदेश सरकारबाट स्वीकृत गरी लागू गरिएको स्थानीय तहको सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९ को दफा ६३ (क) को अधिनमा रही स्वीकृत गर्ने।

निर्णय नं.७: वडा नं. ५ शंखदेवी टोल स्थित बौद्ध गुम्बा देखि थाकलडाँडा चेपाङ गाउँ जोड्ने झोलुङ्गे पुल निर्माण गर्न गाउँपालिकाको सिफारिस सहित सस्पेन्सन ब्रिज डिभिजन श्रीमहल, पुलचोक, ललितपुरलाई अनुरोध गर्ने।

निर्णय नं.८: इच्छाकामना गाउँपालिका "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि,२०७९ को दफा २(३) बमोजिम तपसिलमा उल्लिखित निर्माण व्यवसायीहरुलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने।

तपसिल:

| क्र.सं. | फर्मको नाम | ठेगाना |
|---|---|---|
| १. | बि. एम. आर. अस्फाल्ट एण्ड कन्स्ट्रक्सन प्रा.लि. | इ.गा.पा.-६, चितवन |
| २. | गङ्ग कन्स्ट्रक्सन | इ.गा.पा.-६, चितवन |
| ३. | मणि चन्द्र निर्माण सेवा प्रा.लि. | इ.गा.पा.-३, चितवन |
| ४. | नमस्ते पि.यास. कन्स्ट्रकसन्स् यान्ड सप्लायर्स् प्रा.लि | इ.गा.पा.-३, चितवन |

निर्णय नं.९: यस गाउँपालिका गाउँ कार्यपालिकाबाट IEE स्वीकृत भई नदीजन्य पदार्थ उत्खनन् गर्नको लागि समयावधि र परिमाण बाँकी रहेका खोला तथा नदिहरुमा रहेका नदीजन्य पदार्थ सङ्घ, प्रदेश र स्थानीय तहहरुद्वारा सञ्चालित गौरवका आयोजनाहरुबाट माग भई आएको खण्डमा प्रदेश ऐनले तोकेको दररेट अनुरुप अग्रिम रुपमा राजश्व दाखिला गरेपछि घाट गद्दी गरी सम्बन्धित पक्षलाई नदीजन्य पदार्थ उपलब्ध गराउने।

निर्णय नं.१०: यस गाउँपालिकाको वडा नं. ७ खेतबारीस्थित निजी जग्गामा रहेको निर्माणजन्य सामाग्री उत्खनन् गरी खेतीयोग्य जमिन बानउने कार्यका लागि नारायणी ट्रेनिङ्ग एण्ड इन्जिनियरिङ्ग प्रा.लि. गैंडाकोट-१, नवलपरासी (बर्दाघाट सुस्ता पूर्व) ले पेश गरेको IEE Report गाउँकार्यपालिकाको कार्यालयले मिति २०८०।०७।०३ गते स्वीकृत गरेको कार्यसूची अनुरुप हुनेगरी परिमार्जन सहित स्वीकृत गर्ने।

निर्णय नं.११: यस गाउँपालिकाको वडा नं. ६ मा पर्ने रिग्दीखोला, शिखरगौरीसरा हुँदै गौरीखोला सम्मको सडकमा पहिरो खसी नाला पुरिएको ठाँउमा सञ्चित भएर रहेको करिब २०० घ.मी. (प्राविधिक प्रतिवेदन अनुसार) ढुङ्गा, ग्राबेल र माटो लगाएका निर्माणजन्य सामाग्री प्रदेश आर्थिक ऐन, २०८०

प्रमुख प्रशासकीय अधिकृत

ले तोके बमोजिमको राजश्व अग्रिम रुपमा दाखिला गराई D&B&L&G JV लाई ढुवानी गर्न अनुमति दिने।

<u>निर्णय नं.१२:</u> यस गाउँपालिकाको आ.व. २०८०।०८१ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गतको कार्यक्रम खर्च शिर्षकबाट खर्च लेख्ने गरी गाउँपालिकाको सातवटै वडामा मेलमिलापकर्ताको रुपमा कार्य गर्न इच्छुक व्यक्तिहरुको लागि मेलमिलाप सम्बन्धी आधारभूत तालिम सञ्चालन गर्ने।

<u>निर्णय नं.१३:</u> वडा नं. ६ को वडा कार्यालय भवन, ठेक्का नं. NCB/IRM/27/076/077 को कार्य सम्पन्न गर्नुपर्ने अन्तिम म्याद २०७९ जेठ मसान्तसम्म मात्र भएको तर सम्बन्धित निर्माण व्यवसायीले मिति २०८०।०२।०२ मा कार्य सम्पन्न गरेको हुँदा रकम अभावका कारण भुक्तानी हुन नसकेको कारण आजको मिति सम्म भुक्तानी हुन बाँकी देखिएकोले निजलाई सार्वजनिक खरिद नियमावली, २०६४ को अधिनमा रही भुक्तानी दिने र हालको भवनको अवस्था सेवा प्रवाह सुचारु गर्न सहज हुने नदेखिएकोले गाउँपालिकाको आन्तरिक बजेटबाट बाँकी काम सम्पन्न गरी उक्त भवनबाट वडा कार्यालयको सेवा प्रवाह सुचारु गर्ने।

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत